परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक


वर्ष : ४ अंक : १२१ पृष्ठ ४ २०८२ फागुन १६ गते, शनिबार 2 March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## लोक सेवाको वैकल्पिक उम्मेदवारको योजनामा

# सब-इन्जिनियर यादवको हत्या




● टक नेपाल

सर्लाही सदरमुकाम मलङ्गवास्थित पूर्वाधार विकास कार्यालयमा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको गोली हानी हत्या गरिएको घटनामा संलग्न तीन जना अभियुक्त पक्राउ परेका छन्।

सिरहाको सुखीपुर नगरपालिका-९, वैशाखा घर भएका ३६ वर्षीय यादवको हत्यामा संलग्न अभियुक्त र घटनाको सम्बन्धमा सर्लाही प्रहरीले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। सब-इन्जिनियर यादवसँगै एक वर्षअघि मधेश प्रदेश लोक सेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गरेका र वैकल्पिक उम्मेदवारको सूचीमा रहेका व्यक्तिको योजनामा हत्या भएको प्रहरी अनुसन्धानबाट पुष्टि भएको छ।

महोत्तरीको रामगोपालपुर नगरपालिका-५ घर भई सर्लाहीको बरहथवा नगरपालिका-९, शान्ति टोलमा डेरा गरी बस्ने ३४ वर्षीय गणेशकुमार महतोको योजनामा यादवको हत्या भएको प्रहरीले जनाएको छ। मुख्य अभियुक्त महतो सर्लाहीको रामनगर गाउँपालिकामा करारमा प्राविधिक सहायकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

वि.सं. २०८१ फागुन ४ गते मधेश प्रदेश लोक सेवा आयोगले लिएको सहायक पाँचौं तहको सब-इन्जिनियर पदमा मृतक यादवको नाम निस्किएको थियो। उहाँको हत्यामा संलग्न महतोको नाम भने वैकल्पिक सूचीमा थियो। नियुक्त भएको उम्मेदवारको एक वर्षभित्र मृत्यु भएमा वैकल्पिक उम्मेदवारको नाम सिफारिस हुने प्रावधान रहेकाले सोही लोभमा परेर महतोले यादवको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो।

सब-इन्जिनियर यादवको फागुन ३ गते मलङ्गवा नगरपालिका-१० स्थित डेराको बरन्डामा गोली प्रहार गरी हत्या गरिएको थियो। मुख्य योजनाकार महतोले आफ्ना सालो २२ वर्षीय चन्द्रकिशोर कुशवाहा र भाइ २२ वर्षीय विजयकुमार महतोको सहयोगमा सो हत्याको योजना बुनेको खुलेको छ प्रहरीले तीनै जनालाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

प्रहरीका अनुसार महतोले हत्याको योजनासहित दशैँअघि नै भाइ विजयकुमारलाई पेस्तोल खरिदका लागि ८० हजार रुपैयाँ दिएका थिए। हत्यामा प्रयोग भएको पेस्तोल, एक थान खोका, एउटा मोटरसाइकल र तीन थान मोबाइल प्रहरीले बरामद गरेको छ। पक्राउ परेका तीनै जना विरुद्ध सर्लाही जिल्ला अदालतबाट कर्तव्य ज्यान तथा हतियार खरखजाना कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले बताउनुभयो।




## महोत्तरीमा मतपत्रसहित निर्वाचन सामग्री आइपुग्यो



● टक नेपाल

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्रसहितका सबै निर्वाचन सामग्री महोत्तरी जिल्ला आइपुगेको छ मतदानका लागि आवश्यक मतपत्र, मतपेटिका, स्वस्तिक छाप, नउड्ने मसीको मार्कर, क्रमसङ्ख्यासहितका मतपेटिका, सुरक्षा सिल, रातो र कालो स्टिकर, रङ्गीन तथा सादा फोटोसहितको मतदाता नामावली लगायत ८१ प्रकारका सामग्री पठाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन आयोगबाट प्राप्त समानुपातिक तथा प्रत्यक्षतर्फका मतपत्र नेपाली सेनाको सुरक्षा स्कर्टिङमार्फत चारवटै निर्वाचन क्षेत्रमा सुरक्षित रूपमा वितरण गरिएको छ। परिकौलीस्थित गोरखनाथ गणका सेनानी रामप्रसाद लामिछानेका अनुसार क्षेत्र नं. १ (बर्दिबास), २ (बनौटा), ३ (जलेश्वर) र ४ (रामगोपालपुर) मा रातिसम्म मतपत्र वितरण पूरा भइसकेको छ।

जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिँदै भन्नुभयो, "पहिले प्राप्त अन्य मतदान सामग्री पनि चारवटै निर्वाचन क्षेत्रमा पठाइसकिएको छ। सामग्री व्यवस्थापनको काम तीव्र गतिमा भइरहेको छ। निर्वाचनमा खटिने कर्मचारीको नियुक्ति र परिचालन कार्यसमेत जारी छ।"

जिल्ला निर्वाचन कार्यालयका अनुसार महोत्तरीका चारवटै निर्वाचन क्षेत्रमा ५३९ मतदान अधिकृत, ५३९ सहायक मतदान अधिकृत, १ हजार ६०८ सहायक कर्मचारी र ५३९ कार्यालय सहयोगीसहित कुल ३ हजार ६०८ कर्मचारी परिचालन गरिएको छ। खटाइएका सबै मतदान अधिकृत तथा सहायक अधिकृतलाई निर्वाचनसम्बन्धी प्रशिक्षण पनि प्रदान गरिएको छ।

प्रशिक्षणमा निर्वाचन निर्देशिका, नियुक्तिपत्र बुझेको समयदेखि मतपेटिका बुझाउने समयसम्मको जिम्मेवारी, मतदान केन्द्रमा प्रयोग हुने अनुसूची तथा प्रक्रिया लगायतका विषयमा विस्तृत जानकारी दिइएको थियो। सहभागीहरूलाई नमुना मतदानको अभ्याससमेत गराइएको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले बताउनुभयो।

निर्वाचन अधिकृतका कार्यालयका अनुसार प्राप्त मतपत्रसहितका सामग्री जिल्लाका २५८ मतदानस्थलमा कायम ३ अस्थायी केन्द्रसहित ५३९ मतदान केन्द्रमा पठाउने तयारी भइरहेको छ।

जिल्लाको सबैभन्दा ठुलो भूभाग ओगटेको निर्वाचन क्षेत्र नं. १ अन्तर्गत ५९ मतदानस्थलमा रहेका १३० मतदान केन्द्रमा सामग्री वितरण अन्तिम चरणमा पुगेको निर्वाचन अधिकृत गगनदेव महतोले जानकारी दिनुभयो। उहाँका अनुसार प्रत्यक्ष र समानुपातिक दुवैतर्फका मतपत्र प्राप्त भइसकेकाले अब सामग्री प्याकिङ र ढुवानीमा प्राथमिकता दिइएको छ।

निर्वाचन सामग्री समयमै आइपुगेसँगै महोत्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### नारा होइन, स्पष्ट योजना चाहिन्छ

हरेक चुनावमा राजनीतिक दलहरूले रोजगारीलाई प्राथमिक एजेन्डा बनाउने गरे पनि व्यवहारमा ठोस उपलब्धि देखिँदैन । नेपालमा वार्षिक ५-६ लाख युवा वैदेशिक रोजगारीमा जान बाध्य छन् र अर्थतन्त्र रेमिटेन्समा निर्भर बन्दै गएको छ । यथार्थ स्वीकार्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र सीप-आर्जनसँग जोड्नु अहिलेको आवश्यकता हो । साथै, विदेशमा रहेका नेपालीलाई मतदान अधिकार सुनिश्चित गर्नु लोकतान्त्रिक दायित्व पनि हो ।

दीर्घकालीन समाधान भने स्वदेशमै उत्पादनमुखी रोजगारी विस्तार गर्नु हो । कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा अनुसन्धान, लगानी र बजार सुनिश्चित गरी साना तथा लघु उद्यमलाई केन्द्रमा राखेर नीति बनाउनुपर्छ । घोषणापत्र केवल नारा होइन, कार्यान्वयनयोग्य प्रतिबद्धता पत्र हुनुपर्छ–स्पष्ट तथ्यांक, चरणबद्ध योजना र जवाफदेहितासहित ।

युवाशक्ति, पूँजी र सीप नेपालमै प्रयोग गर्न सके ५-१० वर्षभित्र रोजगारीको आधार विस्तार सम्भव छ । त्यसका लागि इमानदार नेतृत्व, नीतिगत स्पष्टता र पारदर्शी कार्यान्वयन अपरिहार्य छन् । अबको चुनावमा मतदाताले भाषण होइन, व्यवहारिक योजना खोज्नुपर्छ ।

# भोट दिन विदेशबाट फर्किएका युवाको अपेक्षा : रोजगारीका लागि विदेशिन नपरोस्

● टक नेपाल

चुनाव आउनै लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन क्षेत्रमा चहलपहल बढेको छ । भोट दिनकै लागि धेरै युवा स्वदेश फर्किएका छन् । चुनावको बेला स्वदेश फर्किनेहरूको आगमन खुशीको क्षण हो । तर यसपटक स्वदेश फर्किँदाको खुशीसँगै अब बन्ने सरकारले रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्ला भन्ने आशा धेरैमा जागेको छ ।

कोही कम्पनीबाट बिदा मिलाएर आएका छन्, त कोही आकस्मिक बिदा लिएर । कोही भने बिदा नपाएपछि जागिर छाडेर र भिसा रद्द गरेरै भोट दिन आएका छन् । यसरी स्वदेश फर्कनेमध्ये एक हुनुहुन्छ, सिरहाको सुखीपुरका अजयकुमार यादव । उहाँ १७ वर्षदेखि वैदेशिक रोजगारीमा हुनुहुन्थ्यो । कम्पनीले बिदा नदिएपछि उहाँ भोट दिनकै लागि भिसा रद्द गरेर स्वदेश फर्कनुभएको छ । १७ वर्ष विदेश बस्दा उहाँले एकपटक पनि मतदान गर्ने अवसर पाउनुभएन । उहाँ भन्नुहुन्छ, 'यदि विदेशबाटै अनलाइन भोट हाल्न पाएको भए कति सजिलो हुन्थ्यो । धेरै साथीहरू भोट हाल्नकै लागि जागिर छाडेर आएका छन् । कम्पनीले चुनावको बेला छुट्टी दिँदैन, अनि आफ्नो अधिकार प्रयोग गर्न जागिरै छाड्नुपने अवस्था छ ।'

कतारमा १७ वर्ष बस्दा आम्दानी भए पनि जीवन निकै कठिन भएको यादवको अनुभव छ । उहाँ भन्नुहुन्छ, 'घरमा म, श्रीमती, दुई छोराछोरी र बुबा-आमा छौं । छोराछोरीकै भविष्यका लागि विदेशमा यत्रो दुःख सहनुपरेको हो । कम्पनीले १३ सय रियाल दिन्छ जसमा ५-६ सय खानामै खर्च हुन्छ । बाँकी रकमले घर खर्च, स्कुल शुल्क सबै धान्नुपर्छ ।' उहाँका अनुसार दुई छोराछोरीको स्कुल खर्च मात्रै महिनामा १० हजार रुपैयाँ पर्छ ।

यसपालिको चुनावपछि बन्ने नयाँ सरकारप्रति अजयकुमार यादवको ठूलो आशा छ । 'कतार गएको सात महिना मात्रै भएको थियो, तर सबै छाडेर आएँ । अब देशमा केही परिवर्तन होला भन्ने विश्वास छ । मैले दुःख काटिसकेँ, तर मेरा छोराछोरीले मेरो जस्तो जीवन नजिऊन् । राम्रो शिक्षा पाऊन् र रोजगारीका लागि विदेश जान नपरोस्,' उहाँ भन्नुहुन्छ ।

उहाँको भनाइमा पढाइ नभएकाहरूले विदेशमा अत्यन्तै कठोर परिस्थितिमा काम गर्नुपर्छ । '४२-४५ डिग्रीको घाममा काम गर्नुपर्छ, साहुको हेपाइ सहनुपर्छ । यदि आफ्नै देशमा अवसर भएको भए किन विदेश जानुपर्थ्यो र ?' उहाँ भन्नुहुन्छ । यसपालि भोट हाल्नकै लागि भिसा क्यान्सिल गरेर आएको बताउँदै उहाँले थप्नुभयो, 'अब फेरि जान्नँ । देशमा व्यवस्था राम्रो हुनुपर्छ । विदेशमा रहेका नागरिकले पनि आफ्नो अधिकार पाउनुपर्छ । यसपालि सही मान्छे जिते भने खुशी लाग्नेछ ।' मोरङका सागर श्रेष्ठ पनि भोट हाल्नकै लागि कतारबाट स्वदेश फर्किनुभएको छ । उहाँ तीन वर्षदेखि कतारमा बस्दै आउनुभएको छ । ग्यास प्लान्टमा प्राविधिकका रूपमा काम गर्दै आएका उहाँ यसपटक चुनावका लागि ६ महिनामै बिदा लिएर नेपाल आउनुभएको हो ।

उहाँका अनुसार नेपालमा रोजगारीको अवसर नपाएकै कारण खाडी जानुपरेको हो । परिवारको भविष्य सुरक्षित बनाउने उद्देश्यले विदेश जानुपरेको भए पनि परदेशको जीवन सजिलो छैन । बिहान उठ्ने, काममा जाने, फर्किने, खाने र सुत्ने–यही दिनचर्या मात्र हुन्छ । कहिलेकाहीँ त खाने र सुत्ने समय पनि निश्चित हुँदैन । भोकै काम गर्नुपर्ने अवस्था आउँछ, कहिलेकाहीँ गनाएको खाना खानुपर्ने बाध्यता पनि हुन्छ । अर्काको देशमा आफ्नै मर्जी चल्दैन, जागिर जोगाउनु नै ठूलो चुनौती हुन्छ ।

पहिलो संविधानसभा चुनावदेखि नै मतदान गर्दै आएको अनुभव सुनाउँदै श्रेष्ठ भन्नुहुन्छ, 'धेरै पार्टीको झोला पनि बोकियो, तर अब बुझिसकेँ ।' उहाँका अनुसार भ्रष्टाचार मात्र रोक्न सकियो भने देशमै धेरै रोजगारीका अवसर सिर्जना हुन सक्छन् । अन्य देशका मानिसहरूले समेत नेपालको मुख्य समस्या भ्रष्टाचार नै भएको भन्ने गरेको उहाँ बताउनुहुन्छ ।

भ्रष्टाचार रोकिएमा बन्द भएका उद्योग खुल्ने र स्वदेशमै रोजगारी पाउने अवस्था बन्ने उहाँको विश्वास छ । 'यदि नेपालमै ३०-४० हजार रुपैयाँ कमाउन सकिने अवस्था हुन्थ्यो भने एक लाख कमाउन विदेश जाने थिएनँ,' उहाँ भन्नुहुन्छ, 'परिवारसँगै बसेर आफ्नै देशमा काम गर्थें ।'

अहिले एक महिनाको बिदामा नेपाल आए पनि फेरि फर्कनुपर्ने बाध्यता छ । तर चुनावपछि आफूले चाहेको उम्मेदवार आएर देशमा परिवर्तनको सङ्केत देखिएमा स्थायी रूपमा स्वदेश फर्किने उहाँको दृढ इच्छा छ ।

सङ्खुवासभाको धर्मदेवी नगरपालिकाका सन्तोष तामाङ पनि भोट हाल्नकै लागि कतारबाट आपत्कालीन बिदामा स्वदेश फर्किनुभएको छ । उहाँ विगत १० वर्षदेखि वैदेशिक रोजगारीमा हुनुहुन्छ । 'जे गरे पनि आफ्नो देशप्रति गर्व लाग्छ,' उहाँ भन्नुहुन्छ । तर नेपालमा रोजगारी नहुँदा बाध्य भएर विदेश जानुपरेको उहाँको भनाइ छ । 'आफूसँग सीप र क्षमता भए पनि यहाँ काम गर्न गाह्रो छ । बजार, अवसर र सहयोगको अभाव छ । त्यसैले फेरि विदेश जानुपर्ने अवस्था आउँछ,' उहाँले बताउनुभयो ।

तमाङका अनुसार वैदेशिक रोजगारी सजिलो छैन । नेपालबाट सोचेर गएजस्तो जीवन विदेशमा हुँदैन । यही कारणले यसपटक विशेषगरी चुनावमा मतदान गर्नकै लागि आएको उहाँले बताउनुभयो ।

'पहिलाका दिनहरू त्यत्तिकै बिते । हामीले दिएको मतबाट अपेक्षित परिवर्तन भएन । नेताहरू जिते, सत्तामा पुगे, तर गाउँ-ठाउँमा विकास भएन,' उहाँले विगतप्रति निराशा व्यक्त गर्नुभयो । तर यसपालि भने नयाँ आशा पलाएको उहाँको भनाइ छ ।

'विदेशजस्तो कमाइ नहोला तर परिवारसँग बसेर, नेपालमै बसेर दुई पैसा कमाउन पाउनु पनि ठूलो कुरा हो,' उहाँले भन्नुभयो ।

एकातिर देशमा हुन लागेको चुनावमा भोट दिन स्वदेश फर्किने नेपालीको भीड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिन्छ । अर्कोतर्फ यही बेला हातमा पासपोर्ट, आँखामा अनिश्चित भविष्य र मनमा अनेक प्रश्न बोकेर नागरिकहरू देश छाड्दैछन् । कोही रोजगारीका लागि, कोही अध्ययनका लागि त कोही निराशा र अस्थिरताबाट उम्कन विदेशिन बाध्य छन् ।

मतदानको मिति थाहा हुँदाहुँदै पनि देश छाड्नुपर्ने यो बाध्यताले एउटा गम्भीर प्रश्न जन्माएको छ, 'चुनाव नजिकिँदै गर्दा देश किन रित्तिँदैछ ?'

भोट हाल्न नपाउने पीडा, चुनावी घोषणापत्रप्रतिको विश्वास वा अविश्वास, र 'यदि देशमै राम्रो अवसर भएको भए विदेश जाने निर्णय बदलिन्थ्यो कि ?' भन्ने प्रश्न युवाहरूको मनमा उस्तै गुञ्जिरहेका छन् ।

बर्दियाका विनोद बुढाक्षेत्री चुनावअघि नै रोजगारीका लागि यूएई उड्दै हुनुहुन्छ । उहाँ ६ वर्षदेखि वैदेशिक रोजगारीमा हुनुहुन्छ । यसपालि एक महिनाको बिदामा नेपाल आउनु भए पनि चुनावका लागि बिदा थप गर्न धेरै प्रयास गर्दा पनि कम्पनीले अनुमति दिएन । त्यसैले भोट हाल्न नपाउने निराशासहित उहाँ फेरि विदेश फर्किँदै हुनुहुन्छ ।

नेपालमा रोजगारी र आयआर्जनको अवसर नहुँदा बाध्य भएर विदेशिनुपरेको उहाँको भनाइ छ । 'आफ्नो परिवार छोडेर जान कसलाई रहर हुन्छ र ?' उहाँ भन्नुहुन्छ, 'राजनीतिक अवस्थाका कारण हामीजस्ता युवाले परिवारसँग खुशी साट्न पाएका छैनौँ । यदि देशमै राम्रो वातावरण बनेको भए हामी नेपालमै बस्न चाहन्थ्यौँ ।'

विनोद बुढाक्षेत्री हरेक चुनावमा मतदान गर्न नेपाल आउने गरेको बताउनुहुन्छ । तर अहिलेसम्म कुनै ठोस परिवर्तन महसुस गर्न नपाएको उहाँको गुनासो छ । 'गणतन्त्र आएपछि केही होला कि भन्ने आशा थियो, तर महँगी मात्रै बढ्यो,' उहाँ भन्नुहुन्छ । विदेशबाट पठाइने रेमिट्यान्स बढे पनि त्यसले देशको अर्थतन्त्र सुधारिएको अनुभव नभएको उहाँको भनाइ छ ।

'बिरामी हुँदा एक गिलास पानी दिने मान्छे पनि हुँदैन । एउटै कोठामा बस्ने साथीहरू पनि ड्युटीमा जानैपर्छ । परिवार छोडेर बस्नुको पीडा छुट्टै छ,' उहाँले अनुभव सुनाउनुभयो ।

बुढाक्षेत्री उहाँ गाडी चलाउने काम गर्नुहुन्छ । दुबईमा मासिक ९० हजार रुपैयाँ कमाइ हुन्छ । 'नेपालमा ५० हजार मात्र कमाए पनि म खुशीसाथ बस्थेँ,' उहाँ भन्नुहुन्छ, 'त्यो पैसाले परिवार पाल्न, छोराछोरी पढाउन र बुबाआमाको औषधि उपचार गर्न पुग्थ्यो । तर यहाँ १५-२० हजार पनि पाउन गाह्रो छ ।' यूएईमा सरकारले आफ्ना नागरिकलाई दिने सेवा-सुविधा र नेपालका अवस्थाबीच ठूलो अन्तर रहेको उहाँको अनुभव छ । 'त्यहाँ सरकारले नागरिकको साना-ठूला समस्या हेर्छ, उद्योग खोल्छ । हामी भने परदेशमा गुलामजस्तै काम गरिरहेका छौँ,' उहाँ भन्नुहुन्छ ।

यद्यपि यसपालिको चुनावपछि बन्ने नयाँ सरकारप्रति बुढाक्षेत्रीले आशा राख्नुभएको छ । 'साना-ठूला उद्योग खोलियोस्, युवालाई स्वदेशमै रोजगारी दिइयोस्, भ्रष्टाचार रोकिनुपर्छ,' उहाँको माग छ । विदेशमा रहेका नेपालीहरूलाई स्वदेश फर्केर काम गर्न सक्ने वातावरण बनोस् भन्ने उहाँको चाहना छ ।

'सरकारसँग विदेशमा रहेका नेपालीको ठोस तथ्याङ्कसमेत छैन,' उहाँ भन्नुहुन्छ, 'हामीले पठाएको पैसाले देश चलेको छ तर हाम्रो पीडा बुझ्ने कोही छैन ।' यो चुनावपछि आउने नयाँ नेतृत्वले फेरि विदेशिनु नपर्ने दिन ल्याउनेछ भन्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

दाङको लमही नगरपालिकाका दुर्गाबहादुर खड्का पनि वैदेशिक रोजगारीको सिलसिलामा मलेशिया जान लाग्नुभएको छ । उहाँले तीन वर्षदेखि मलेशियामा काम गर्दै आउनुभएको छ ।

उहाँ भन्नुहुन्छ, 'वैदेशिक रोजगारी सोचे जस्तो छैन । तर नेपालमा भन्दा त्यहाँ अलिकति पैसा कमाइन्छ भनेर जानुपऱ्यो । नेपालमा रोजगारी छँदै छैन र भए पनि तलब निकै न्यून छ । अहिलेका विद्यार्थीहरू पनि भन्छन्, 'पढेपछि त विदेश जाने हो ।' मेरी छोरी ६ कक्षामा पढ्छिन्, अहिलेबाटै भन्छिन्, 'म विदेश जाने हो ।' सबैको सोच त्यस्तै भइसकेको छ, नेपालमा बसेर केही हुँदैन, नेताको पछि लाग्नुपर्छ वा अस्थिर काम गर्नुपर्छ । सामान्य मान्छेलाई यहाँ बिहान-बेलुका खानै मुस्किल हुन्छ ।'

खड्काको अनुभव अनुसार विदेशमा दुःख धेरै छ । सामान्य रुघाखोकी लाग्दा पनि आराम गर्न पाइँदैन, निरन्तर काम गर्नुपर्छ । कम्पनीले काम नगरेको खण्डमा तलब कटौती गर्छ । 'बाहिरबाट हेर्दा फेसबुक वा टिकटकमा राम्रो लुगा लगाएको देखिन्छ, तर वास्तविकता निकै कठिन छ,' उहाँले भन्नुभयो ।

चुनावको बेला विदेशमा रहेका धेरै नेपाली स्वदेश फर्किन चाहन्छन्, तर आर्थिक समस्याका कारण सबै पर्किन सक्दैनन् । फर्किएर केही खर्च थप्दा फेरि ऋणमा पर्छन् र फेरि विदेशिनु विकल्पमै रहन्छ । 'चुनाव आउन धेरै दिन बाँकी छैन । भोट हाल्न पाए हुन्थ्यो, तर कम्पनीले टिकट काटिदिएपछि जानैपऱ्यो । कतै-कतै खल्लो महसुस भइरहेको छ,' उहाँले अनुभव सुनाउनुभयो ।

खड्का भन्नुहुन्छ, 'नेताहरूले चुनाव जितेपछि युवाहरूलाई स्वदेशमै रोजगारी दिन र उद्योग-कलकारखाना खोल्न काम गर्नुपर्छ । यहाँको तलब दिनमा कम्तीमा १ हजार पुऱ्याइदिए हामी किन विदेश जाने थियौँ र ?'







● टक

# ४४ वर्षमा १९ पटक मन्त्री : यसपटक के होला शरतसिंहको रेकर्ड ?



● टक नेपाल

महोत्तरी क्षेत्र नम्बर-२ मा यसपटक पनि शरतसिंह भण्डारी उम्मेदवार छन् । जनता समाजवादी पार्टी, नेपालमा आबद्ध छन् उनी अहिले ।

४४ वर्षदेखि निरन्तर चुनाव लडिरहेका उनले यसपटक 'अन्तिम हो' हो भन्दै मतदातासँग भोट मागिरहेका छन् । चार दशकभन्दा लामो चुनावी यात्रामा उनले मात्र दुई पटक हार बेहोर्नुपरेको छ । २०४८ सालमा भाग लिएनन् भने ०७० सालमा भने उनी जनताबाट चुनिन पाएनन् ।

७१ वर्ष पुगेका भण्डारी अहिले मतदातासँग यसो भन्दै भोट मागिरहेका छन्– 'चुनाव लड्ने मन नै थिएन, पार्टीले जबर्जस्ती पठायो ।'

मतदाताको गुनासो

महोत्तरी लोहरपट्टीका ब्रजेश यादव भन्छन्, 'शरतजीले यसपटक मात्र होइन, हरेक पटक यस्तै गरी मत माग्दै आउनुभएको छ। गत चुनावमा पनि उहाँले यही क्षेत्रमा यस्तै भनेर मत माग्नुभएको थियो ।' त्यतिबेला आफूहरूले 'यति पुरानो नेताले अन्तिम पटक' भनेकाले भोट दिएको ब्रजेश बताउँछन् ।

शरतसिंह १९ पटक त मन्त्री नै भइसके । 'एउटै व्यक्ति १९ पटक मन्त्री बन्नु चानचुने कुरा होइन । एकपटकको कार्यकालमा एउटा मात्र काम गरेको भए अहिलेसम्म यो क्षेत्र तथा जिल्लामा १९ वटा काम हुन्थ्यो,' सोही क्षेत्रका मतदाता रामेश्वर यादव बताउँछन् ।

यो क्षेत्रमा सडकको अवस्था उस्तै छ, कृषि र सिँचाइको अवस्था पनि त्यस्तै । भरपुर्रा-लोहरपट्टी सडक, पिपरारी सडक, रतौली सडकलगायत शिलान्यास भएको ७-८ वर्षभन्दा बढी भइसक्यो, तर अझै निर्माण भएको छैन । खुटादेखि टिकुलियासम्मको सडकको अवस्था त झन् बिजोग छ । जलेश्वर-बर्दिबासको सडक पनि जीर्ण छ। 'यहाँको सडकमा हिँड्दा लाग्छ, यो क्षेत्रमा नेता तथा सांसद नै छैनन्,' ब्रजेश थप्छन् ।

महोत्तरी-२ मा छ वटा पालिका छन्, कुनैमा पनि अस्पताल छैन । जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीको तथ्यांकअनुसार अस्पताल मात्र होइन, एकडारा, महोत्तरी, बलवा र भङ्गहामा प्राथमिक स्वास्थ्य केन्द्रसमेत छैन । स्वास्थ्य चौकीकै भरमा छन् यहाँ स्थानीय । थप उपचार गर्नुपरे जलेश्वर वा सीधै जनकपुर नै पुग्नुपर्ने बाध्यता छ ।

तर जसपा नेपालका नेता अमित ठाकुर भने कुनै पनि कुरामा रातारात सुधार नहुने तर्क गर्छन् । 'पहिला महोत्तरीको अवस्था कस्तो थियो, अहिले कस्तो छ, एकपटक आएर हेर्नुस् । कुनै पनि गाउँमा गाडी जाने अवस्था थिएन । भण्डारीजी आएपछि अहिले प्रत्येक गाउँमा पक्की सडक पुगेको छ,' उनले गाउँमा गाडी गएको अवस्थालाई विकाससँग जोडेर बताए ।

स्वास्थ्य, शिक्षा तथा कृषिमा पनि व्यापक सुधार भएको उनको दाबी छ । उनको जवाफ थियो, 'महोत्तरी-२ सँगै जलेश्वर टाँसिएको छ, त्यहाँ अस्पताल छन् । जनता उपचारका लागि त्यहाँ जान्छन् । बलवामा अस्पताल बनिरहेको छ । स्वास्थ्य केन्द्र तथा बर्थिङ सेन्टरहरू छन् । जनतालाई उपचारको समस्या छैन ।'

'मधेसको आवश्यकता हुन् भण्डारी'

जसपा, नेपालका केन्द्रीय नेता जासर यादव शरतसिंह भण्डारी मधेसका लागि आवश्यक नेता रहेको बताउँछन् । 'भण्डारी पहाडी समुदायका भए पनि मधेसको सबभन्दा बढी मुद्दा उठाउने उनी नै हुन्,' जासर दाबी गर्छन्, 'उनी सांसद र मन्त्री भएपछि महोत्तरी जिल्लामा व्यापक सुधार भएको छ, अरू क्षेत्रभन्दा यो क्षेत्रमा थोरै भए पनि विकास बढी नै हो ।'

उनले प्रतिप्रश्न गरे, 'यदि त्यहाँ विकास नभएको भए, जनताले विश्वास नगरेको भए ४४ वर्षदेखि कसरी चुनाव जित्दै आउनुभएको छ त ?'

केही नगरेको भए जनता एक पटक, दुई पटक, तीन पटक झुक्किने तर पटक-पटक नझुक्किने उनी बताउँछन् । 'शरतसिंह भण्डारी आवश्यक नेता भएका कारणले उहाँले पटक पटक त्यहाँ जित्दै आउनुभएको छ, यसपटक पनि उहाँको जित निश्चित छ,' उनले बढाइचढाइसहित थपिरहे ।

भण्डारीले आफू चुनाव नलड्ने कुरा पार्टीसँग राखेका जासरले पनि बताए । भण्डारीले सुरिता साहलाई टिकट दिन आग्रह गरे पनि नमानेपछि उनैले लिन बाध्य भएको जासर तर्क गर्छन् । 'भण्डारीजीलाई चुनाव लड्ने मन थिएन, पार्टीले निर्देशन दिएपछि उहाँ  लड्नुभएको हो,' उनले भने ।

चुनाव र मन्त्रीको यात्रा

भण्डारीले ०३८ र ०४३ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन जितेका थिए । ०४३ सालमा पञ्चायत व्यवस्थाका अन्तिम प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारमा उनी पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री बनेका थिए। ०४४ सालमा मन्त्रिपरिषद् पुनर्गठन हुँदा उनी वाणिज्य राज्यमन्त्री भए। ०४६ सम्म निरन्तर मन्त्री रहे ।

२०४८ सालमा भएको निर्वाचनमा भाग नलिएका उनी ०५१ मा स्वतन्त्र उठे र जिते। ०५२ सालमा राज्यमन्त्री, २०५३ मा मन्त्री तथा ०५४ मा पनि मन्त्री बने। ०५६ सालमा महोत्तरीबाट चुनाव जितेपछि उनी फेरि मन्त्री बने, ०५८ मा पनि फेरि मन्त्री भए।

२०६३ सालमा संसद् पुनर्स्थापना हुँदा भण्डारी सांसद भएका थिए । ०६४ मा तत्कालीन मधेसी जनअधिकार फोरम, नेपालबाट उनले फेरि चुनाव जिते र ०६६ र ०६८ सालमा मन्त्री भए। रक्षामन्त्री भएको बेला सेनामा मधेसीको सामूहिक प्रवेशलाई लिएर दिएको अभिव्यक्तिका कारण उनी पदबाट बर्खास्त भएका थिए।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा उनी महोत्तरी-१ र ६ बाट उम्मेदवार बनेका थिए, दुवै ठाउँबाट उनी हारे ।

त्यसपछि ०७४ र ०७९ सालमा भएका प्रतिनिधिसभा निर्वाचनमा लगातार जित निकाले। ०७८, ०७९, ०८१ र ०८२ सालमा मन्त्री बन्न सफल भए।

यसपटक कांग्रेससँग हुन सक्छ मुख्य प्रतिस्पर्धा

यसपटक महोत्तरी-२ मा ३७ जना उम्मेदवार छन्। र यहाँ त्रिपक्षीय प्रतिस्पर्धा हुने देख्छन् स्थानीय पत्रकार गोपाल बराल। नेपाली कांग्रेसकी किरण यादव र भण्डारीबिच कडा प्रतिस्पर्धा हुने उनले अनुमान गरे। किरणले यस क्षेत्रबाट दुई पटक चुनाव हारिसकिन्। भण्डारी पटक-पटक चुनाव जितेका कारण जनताले यसपटक परिवर्तन खोजेका आफूले रिपोर्टिङका क्रममा पाएको उनले बताए।

'गगन थापाका कारण कांग्रेस झन् राम्रो संगठन बनेको छ, जनताको झुकाव देखिएको छ,' उनले भने, 'महोत्तरीमा यादव (समुदाय)को निर्णायक मत छ । तर यादवको मत पनि भण्डारीसँग छ ।'

भण्डारीसँगै नेकपा एमालेबाट कसिफ नदाफ, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बाट लक्ष्मण कुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट दीपक कुमार साह, राप्रपाबाट रामलखन साह कानु, जनमत पार्टीबाट जयकुमार पाण्डेयलगायत यहाँ उम्मेदवार छन् । रास्वपा वरिष्ठ नेता बालेनका कारण देशभर रास्वपाको माहोल बनिरहेकाले दीपक पनि यहाँ प्रतिस्पर्धामा छन् ।

भण्डारीले लामो समयदेखि चुनाव जित्दै आएकाले पुस्तान्तरणको कुरा यो क्षेत्रमा व्यापक उठेको पत्रकार बराल बताउँछन् । २० पटक मन्त्री भइसके पनि विकासको कामले त्यहाँको जनताको मत जित्न नसकेको गुनासो पनि क्षेत्रमा भइरहेको उनको बुझाइ छ ।

गत निर्वाचनमा लोसपा नेपालबाट उम्मेदवार बनेका भण्डारीले २५ हजार १९० मत ल्याएका थिए भने तमलोपाका डा. विजय सिंह यादवले ११ हजार १२० मत ल्याएर दोस्रो भएका थिए । एमाले तेस्रो र जनमत चौथो भएको थियो । यहाँ कांग्रेसको समर्थन भण्डारीलाई नै थियो, रास्वपा भने यहाँ तेस्रो भएको थियो ।

२०७४ सालमा भने भण्डारीले यहाँबाट ३० हजार ७२२ मत ल्याएर विजयी भएका थिए भने कांग्रेसकी किरण यादवले १३ हजार ९७४ मत ल्याएकी थिइन् ।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

भंगहा नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# सप्तरीका युवालाई रोजगारी दिने सिके राउतको प्रतिबद्धता



टक नेपाल

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले आफ्नो चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभएको छ । प्रतिबद्धतापत्रमा सप्तरीमा आईटी पार्क, कल सेन्टर, कोडिंग आर्मी, एसेम्बली लाइन, एआई, मधेश स्पेश सेन्टर जस्ता जनमत पार्टीले ल्याएको परियोजनाहरुलाई कार्यान्वयनमा ल्याएर हजारौं युवाहरुलाई रोजगारी दिने उल्लेख गर्नुभएको हो ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार डा.राउतले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यावरण र वातावरण लगायतका विषयलाई प्रतिबद्धतापत्रमा समेटिनु भएको हो ।

विगतका अधुरा योजनाहरु पूरा गर्नुका साथै ‘ग्राम उद्योग भवन’ को निर्माण सम्पन्न गराएर ग्रामीण महिलाहरुलाई आफ्नै गाउँमा रोजगार प्रदान गर्ने, मधेश कृषि विश्वविद्यालयको निर्माण कार्य सम्पन्न गराउने, साक्षरता कार्यक्रम सञ्चालन गरी यस क्षेत्रलाई साक्षर बनाउने, क्षेत्रमा रहेका अस्पतालहरुको सेवा-प्रवाहलाई गुणस्तरीय बनाउने, सप्तरीलाई शिक्षा र स्वास्थ्यको हबको रुपमा विकास गर्ने योजनाहरु प्रतिबद्धता पत्रमार्फत अगाडि सारिएको छ ।

यस्तै कुनौलीमा ड्राइपोर्ट निर्माण गरी कुनौली-राजविराज-रुपनी औद्योगिक कोरिडोर बनाएर अगाडि बढ्दै कृषिलाई उद्योगसँग जोड्ने, गजेन्द्रनाराण सिंह औद्योगिक क्षेत्रमा लगानीकर्ता र उद्यमीलाई उद्योग खोल्न प्रोत्साहित गर्ने, कृषि विद्युतीकरणको योजनालाई कार्यान्वयन गर्दै खेत-खेतमा पानी पुग्ने गरी सिँचाइको समस्यालाई समाधान गर्ने, किसानको लखादमा सहज पहुँचका लागि पहल गर्ने, छिन्नमस्ता भगवती स्थलमा भौतिक पूर्वाधार निर्माण गरी पर्यटन अभिवृद्धि गर्ने, यस क्षेत्रमा रहेका खाँडो, जीता, मुतनी, घोडदह, भलुवाही आदि नदीबाट हुने भू-कटान तथा बाढीको नियन्त्रण गरिने प्रतिबद्धतापत्रमा भनिएको छ ।

आम मतदाता माझ यही प्रतिबद्धता लिएर भोट मागिरहेको डा. राउतले बताउनुभयो । उहाँले आफु विगतमा पनि जनताले चाहेको योजना अनुसार नै काम गरेको दावी गर्दै जनता उत्साहित रहेको विचार व्यक्त गर्नुभयो ।

२०७९ मा सप्तरी २ बाट जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै डा. राउत निर्वाचित हुनुभएको थियो । यसपल्ट डा. राउत भने पुनः यसैक्षेत्रबाट दोहोरिएर उम्मेदवारी दिनुभएको छ भने जसपा नेपालका अध्यक्ष यादव सप्तरी ३ बाट उम्मेदवारी दिनुभएको छ ।

एक लाख पाँच हजार नौ सय २२ मतदाता रहेको यसक्षेत्रमा नेपाली कांग्रेसबाट रामकुमार यादव, जसपा नेपालबाट उमेशकुमार यादव, नेकपा एमालेबाट मोहमद जियाउल रहमान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, नेपाली कम्युनिष्ट पार्टीबाट सूर्यनाथ यादव, जनअधिकार पार्टीका अध्यक्ष शरदसिंह यादवसहित ३४ जना उम्मेदवार चुनावी मैदानमा छन् ।


## जनहितमा जारी

- बिना अनुमति बोडिं नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिं गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिंले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ‘जल छ भने जीवन छ’ भन्ने कुालाइ व्यवहामा उतां।



सम्सी गाउँपालिका,महोत्तरी


# निर्वाचनमा सवारी, ड्रोन र सीमा नाका बन्द



टक नेपाल

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई व्यवस्थित, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लाभर विशेष सुरक्षा तथा व्यवस्थापनसम्बन्धी विभिन्न निर्णय सार्वजनिक गरेको छ।

प्रशासनले निर्वाचन अवधिमा अत्यावश्यक सेवा बाहेकका सवारी साधन सञ्चालनमा रोक लगाउने, ड्रोन उडान निषेध गने तथा भारतसँग जोडिएका सम्पूर्ण सीमा नाका अस्थायी रूपमा बन्द गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सन्जयकुमार पोखरेलद्वारा जारी सूचनामा जानकारी दिइएको छ।

प्रशासनका अनुसार फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै फागुन २० गते राति १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म अत्यावश्यक सेवा बाहेक अन्य सवारी साधन सञ्चालनमा पूर्ण प्रतिबन्ध लगाइनेछ। एम्बुलेन्स, दमकल, दूरसञ्चार सेवा, पानी तथा दूधका ट्याङ्कर, शव वाहन, अस्पताल तथा विद्युत् सेवाका सवारी, कूटनीतिक नियोगका सवारी र प्रशासनबाट अनुमति प्राप्त सवारी साधन भने सञ्चालन गर्न पाइने जनाइएको छ।

यसैगरी, सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै जिल्लाभर ड्रोन उडानमा पनि प्रतिबन्ध लगाइएको छ। फागुन १८ गते राति १२ बजेदेखि मतदान सम्पन्न नभएसम्म कुनै पनि प्रकारका ड्रोन सञ्चालन गर्न नपाइने प्रशासनले स्पष्ट पारेको छ। निषेधाज्ञा उल्लङ्घन गरी ड्रोन सञ्चालन गरेको पाइएमा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने चेतावनी दिइएको छ।

निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन सीमा सुरक्षामा समेत कडाइ गरिएको छ। भारतसँग सीमा जोडिएका महोत्तरीका सबै सीमा नाका फागुन १८ गते राति १२ बजेदेखि फागुन २१ गते राति १२ बजेसम्म बन्द रहने जनाइएको छ। यद्यपि, अत्यावश्यक तथा अनुमति प्राप्त गतिविधिलाई आवश्यक सहजीकरण गरिने प्रशासनले जनाएको छ।

प्रमुख जिल्ला प्रशासन कार्यालयले निर्वाचन अवधिभर सुरक्षा निकायसँग समन्वय गरी निगरानी, चेकजाँच र समग्र व्यवस्थापनलाई थप प्रभावकारी बनाइने जानकारी दिएको छ। साथै, नागरिक, राजनीतिक दल तथा सरोकारवालालाई जारी सूचनाको पूर्ण पालना गर्दै निर्वाचनलाई सफल बनाउन सहयोग गर्न आग्रह गरिएको छ।


## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

बर्दिवास नगरपालिका , महोत्तरी, मधेश प्रदेश


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014